अप्रिल 20, 2020

प्रिय JCPS परिवारहरू:

गर्भनर एन्डी बेशहेर र केंन्तुर्कीको अन्तरिम शिक्षा आयुक्तबाट प्राप्त भएको निर्देशन पछी, **JCPS मा स्कुल बर्ष बाकिको लागि कुनै पनि व्यक्तिगत कक्षा रहेको छैन**। यसको अर्थ बिधार्थीहरुले यस स्कुल बर्षको लागि उनीहरुको पाठ्यक्रमको बाँकी कामहरु गैर-परम्परागत निर्देशन (NTI) को माध्यमबाट पुरा गर्दछन। NTI को बेला निरन्तर समर्थन र यसलाई सफल बनाउनमा हामीलाई सहयोग गर्नु भएकोमा धन्यवाद।

तपाईको बच्चाको बारेमा रोचक लाग्ने केहि अन्य कुराहरु यहाँ रहेका छन्:

- **ग्रेडिंग:**
    - **प्राथमिक र माध्यमिक** विद्यालय स्तरमा, विद्यार्थीहरूको प्रगतिले पाठ्यक्रम मापदण्ड *पुरा गरेको* वा *अहिलेसम्म नगरेको* रूपमा रेकर्ड गरिनेछ। यदि कुनै विद्यार्थीले मापदण्ड "अहिलेसम्म पूरा नगरेको" भएमा, विद्यार्थीलाई उनीहरूको लक्ष्यहरू पूरा गर्न मद्दत गर्ने योजना स्थापना गर्न शिक्षक र परिवारले मिलेर काम गर्नेछन्।
    - **उच्च** स्कूलमा (र उच्च स्कूल क्रेडिटको लागि प्रस्ताव गरिएको माध्यमिक विद्यालयका पाठ्यक्रमहरू), विद्यार्थीहरूले श्रेणीहरूको पत्र प्राप्त गर्नेछन्। NTI मा सहभागिताले ग्रेड सुधार गर्न मद्दत गर्छ भने सहभागी नहुनाले *अपूर्ण* बनाउँछ। यदि उच्च माध्यमिकका विद्यार्थीहरूले पाठ्यक्रममा "अपूर्ण" प्राप्त गरेमा त्यहाँ उनीहरूको मेक-अप गर्ने योजनाहरू छन्।

- **खाना:**
    - JCPS ले अहिले 16 मार्च बाट जेफरसन् काउन्टीमा बच्चाहरुलाई आधा मिलिएन भन्दा धेरै नास्ता र खाना वितरण गरेको छ। आज मात्र, केहि मोबाईल साईटहरु समेत गरेर, 60 खानाको साईटहरु भन्दा धेरै बाट 46,000 भन्दा धेरै खानाहरु हस्तान्तरण गरियो। यी साईटहरु सोमबार, बुधवार र शुक्रबार 10 बजे बिहान देखि 1 बजे दिउसो सम्म खुला रहन्छन। कुनैपनि 18 बर्ष वा सो भन्दा कम उमेरका बालबालिका यो खाना प्राप्त गर्नको लागि योग्य रहन्छन।

हामीलाई JCPS को ताजा समाचार र अपडेटको लागि Facebook, Twitter र Instagram (@JCPSKY)मा पछ्याउन नबिर्सिनु होला। कृपया तपाईको एनटिआई तस्बिरहरु हामीसंग साझेदारि गर्नुहोस र ह्यासत्याग #WeAreJCPSAtHome प्रयोग गरि घरमा स्वस्थ भई बसेका बेलामा आफ्नो बिधार्थिहरुलाई प्रोत्साहन गर्न को लागि हामिलाई निरन्तर सहयोग गर्नुहोस।